# विद्यालय शिक्षा विधेयक सम्बन्धी प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदन, २०८१

## (कर्णाली प्रदेश)

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सचिवालय

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

सिंहदरबार, काठमाडौं

२०८१

## परिच्छेद एक
## परिचय


१.१ पृष्ठभूमि ........ १
१.२ कार्यक्रमको उद्देश्य ........ ३
१.३ कार्यक्रमको विधि तथा प्रकृया ........ ४
१.४ अध्ययनको सीमा ........ ४
१.५ प्रतिवेदनको संरचना ........ ४


## परिच्छेद दुई
## विद्यालय शिक्षा विधेयक, २०८० को अन्तरवस्तु


२.१ विधेयकको सामान्य परिचय ........ ५
२.२ विधेयकले समेटेका मूलभूत विषय ........ ५
२.३ विधेयकका केही प्रमुख सवाल ........ ९


## परिच्छेद तीन
## कार्यक्रम सम्बन्धी विस्तृत विवरण


३.१ अन्तर्क्रिया कार्यक्रम ........ १०
३.२ अन्तर्क्रिया कार्यक्रमबाट प्राप्त राय सुझाव ........ १०
३.३ राय सुझावको सार ........ २८
३.४ विद्यालयको स्थलगत अवलोकन ........ ३१


## परिच्छेद चार
## निष्कर्ष तथा सुझाव


४.१ निष्कर्ष ........ ३३
४.२ सुझाव ........ ३४


## अनुसूची


अनुसूची १ कार्यक्रमको मोडालिटी ........ ३६
अनुसूची २ कार्यक्रमका सहभागी सरोकारवाला ........ ३७
अनुसूची ३ अन्तर्क्रिया कार्यक्रम तालिका ........ ३८
अनुसूची ४ अन्तर्क्रिया कार्यक्रमका केही झलक ........ ३९
अनुसूची ५ विद्यालयको स्थलगत अवलोकन सम्बन्धी केही झलक ........ ४२

# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

विद्यालय शिक्षा कुनै पनि राष्ट्रको विकास र समाज सुधारको आधारभूत खम्बा मानिन्छ । नेपालको शैक्षिक प्रणाली लामो समयसम्म घर र गुरुकुलमा आधारित थियो। यो पूर्व भारतीय शिक्षा प्रणालीसँग मिल्दोजुल्दो थियो, जसमा विद्यार्थीहरू आफ्नै घरमा वा प्रतिष्ठित पण्डितहरू वा गुरुहरूसँग अध्ययन गर्थे। नेपालमा राणा शासनको उत्तरार्द्धसम्म सिमित विद्यालय थिए र सर्वसाधारण सबैले औपचारिक शिक्षामा पहुँच पाएका थिएनन्। अझ भन्ने हो भने २००७ सालमा जहानिया राणा शासनको अन्त हुनुअघिसम्म शिक्षामा सबैलाई सहज पहुँच हुन सकेको थिएन। विद्यालयहरुको विस्तार पनि व्यापक रुपमा भएको थिएन।[१]

नेपालमा विद्यालय शिक्षाले धेरै सुधार र परिवर्तनको सामना गर्दै आएको छ। २००७ सालको प्रजातन्त्रको उदयसँगै देशमा शिक्षाले गति लिन थाल्यो र योजनावद्ध विकासको शुरुवातसँगै शिक्षाले नयाँ आयाम फर्न थाल्यो भन्न सकिन्छ । विस्तारै राजनीति प्रणालीको संस्थागत विकासको क्रमसँगै शिक्षामा नयाँ नयाँ शुरुवात र प्रयोगहरु हुँदै गए र वर्तमानसम्म आइपुग्दा सबैका लागि शिक्षा, अनिवार्य शिक्षा र निःशुल्क शिक्षा भन्ने जस्ता कुराहरु नीतिगत रुपमै स्वीकार भए र शिक्षामा सबैको पहुँचलाई सहज बनाउने उपायहरुको अवलम्बन पनि हुँदै गएको पाइन्छ ।

विद्यालय शिक्षा ऐन २०७५ ‘विद्यालय तहको संरचना, गुणस्तर, र व्यवस्थापन सुधारमा केन्द्रित रहेको छ । नेपालले हाल निःशुल्क र अनिवार्य शिक्षा नीति अवलम्बन गरेको छ । भूकम्प प्रभावित क्षेत्रमा नयाँ विद्यालय भवन निर्माण गरिएको छ । सोलार प्रणाली, कम्प्युटर ल्याव र विज्ञान उपकरण उपलब्ध गराउने जस्ता प्रयासहरु भएका छन् । समुदायका विपन्न, दलित, महिला, र अन्य पिछडिएका वर्गका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ । डिजिटल साक्षरता प्रवर्द्धन गर्न ई-पाठ्यक्रम, स्मार्ट कक्षा जस्ता प्रयासहरु भएको पाइन्छ । अध्यापन कला सुधार गर्न राष्ट्रिय शिक्षक प्रशिक्षण केन्द्रहरू स्थापना गरिएको छ।ग्रामीण क्षेत्रका शिक्षकका लागि विशेष प्रशिक्षण कार्यक्रम संचालन भएको पाइन्छ।

---

[१] नेपालमा शिक्षा, शिक्षा महाविद्यालयको प्रकाशन विभाग, १९५६

नेपालको विद्यालय शिक्षा संरचनालाई पूर्व प्राथमिक शिक्षा (४ वर्ष उमेर पुरा गरेका विद्यार्थीलाई दिइने एक वर्षे शिक्षा), प्राथमिक शिक्षा (एकदेखि कक्षा ५ सम्मको शिक्षा), आधारभूत शिक्षा (प्रारम्भिक बाल शिक्षादेखि कक्षा ८ सम्मको शिक्षा), माध्यामिक (९-१२ कक्षा) शिक्षा गरी विभाजन गरिएको छ । यसका अतिरिक्त अपाङ्गता भएका बालबालिकालाई अलग्गै समूहमा राखी विशेष शिक्षा समेत संचालन गरिएको छ ।[२] शिक्षा ऐन, २०२८ र विद्यालय शिक्षासम्बन्धी नियमावलीले यसको प्रशासन, पाठ्यक्रम, र परीक्षा पद्धतिको मापदण्ड तोकिदिएको छ।

नेपालमा हाल सामुदायिक र संस्थागत विद्यालयहरु रहेका छन्। सामुदायिक (सरकारी) विद्यालयहरूको व्यवस्थापन शिक्षा मन्त्रालयद्वारा गरिन्छ, जबकि संस्थागत विद्यालयहरू व्यक्ति वा संस्थाद्वारा सञ्चालन गरिन्छ। नेपालमा झण्डै ३५,००० विद्यालय छन्, जसमध्ये करिब ७०% विद्यालय सार्वजनिक छन्। सामुदायिक विद्यालयहरू ९०% र संस्थागत विद्यालयहरू १०% को हाराहारीमा रहेका छन् । तर परिणाम भने ठिक उल्टो रहेको छ ।

विद्यालय शिक्षाका लागि नेपालको कुल बजेटको करिब १२ प्रतिशतको हाराहारीमा लगानी रहेको छ । यति हुँदाहुँदै पनि विद्यालय शिक्षाको गुणस्तरमा अनेकौं प्रश्नहरु उठ्ने गरेका छन् । गुणस्तरमाथि प्रश्न उठ्नका विविध कारण मध्ये विद्यालय शिक्षा सम्बन्धी प्रमुख समस्याहरु नै प्रमुख कारकको रुपमा लिने गरिन्छ ।

ग्रामीण क्षेत्रका विद्यालयमा भवन, शौचालय, खानेपानीजस्ता आधारभूत भौतिक सुविधाको अभाव, प्राविधिक र डिजिटल साधनहरूको सीमितता जस्ता भौतिक समस्या, अध्ययन-अध्यापन पद्धति परम्परागत कण्ठस्थापनमा आधारित हुनु, शिक्षकहरूको अपर्याप्त प्रशिक्षण र मूल्याङ्कन प्रणालीको कमजोर हुनु जस्ता गुणस्तरीय शिक्षाको अभावजन्य समस्या, अधिकांश बालबालिका, विशेषगरी गरिब परिवारका, विद्यालय जानबाट वञ्चित हुनु, निजी र सार्वजनिक विद्यालयबीचको असमानता छ ।सम्पन्नले महङ्गो शिक्षा लिने र विपन्नले सामुदायिक विद्यालयमा शिक्षा लिने जसले गर्दा दुई प्रकारको जनशक्ति उत्पादन हुनु जस्ता आर्थिक अभावजन्य समस्या, विकट भूगोल र दुर्गम क्षेत्रका कारण ग्रामीण बालबालिकाले शिक्षामा असमान पहुँच हुनु, कतिपय दुर्गम स्थानका बालबालिकाहरु विद्यालय जान नपाउनु जस्ता भूगोल र दुरीजन्य समस्या, विशेष गरी ग्रामीण क्षेत्रमा छात्रा विद्यार्थीका लागि नियमित विद्यालय जान कठिन हुनु जस्ता लैङ्गिकजन्य समस्याहरु टड्कारो रुपमा रहेका छन्।

त्यसैगरी विद्यालय शिक्षा अनेकौं चुनौतीले जकडिएको छ । बदलिंदो विश्व सन्दर्भ अनुसार नेपाली विद्यालय शिक्षालाई प्राविधिक र डिजिटल रूप दिनुपर्ने, बहुभाषिक समाजमा शिक्षा सबैलाई

---

[२] विद्यालय शिक्षा ऐन, २०२८

उपलब्ध गराउन शिक्षा माध्यमलाई स्थानीय भाषाहरूसँग सामन्जस्य गराउनुपर्ने, शिक्षा नीतिहरूको प्रभावकारी कार्यान्वयनमा कमजोरी रहेको पाइन्छ। बनेका नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउनु, दीर्घकालीन सेवा सुरक्षाका कारण योग्य शिक्षकहरूको अभावलाई पूर्ति गराउने, विद्यालय व्यवस्थापनमा अभिभावक, समुदायका अगुवा र विद्यार्थीहरूलाई सक्रिय रूपमा संलग्न गराउने जस्ता केही प्रमुख चुनौतीहरु समेत रहेका छन् ।

उल्लेखित समस्या तथा चुनौतीलाई संवोधन गर्ने अभिप्रायले सरकारले विद्यालय शिक्षाको सुधार र प्रवर्द्धनका लागि विभिन्न पहलहरू गर्दै आएको पाइन्छ ।

यसका अतिरिक्त मुलुक संघीयतामा गएपश्चात संघिय संरचना र अधिकार सूची वमोजिम नै विद्यालय शिक्षामा सुधार गरिनु पर्ने अवस्थालाई मध्यनजर गरी नेपाल सरकारबाट प्रतिनिधि सभामा विद्यालय शिक्षा विधेयक, २०८० दर्ता हुन आएको र उक्त विधेयक हाल शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा दफावार छलफलको क्रममा रहेको छ। विद्यालय शिक्षा क्षेत्रमा रहेका अनेकौं समस्याको समाधान गरी शिक्षा क्षेत्रमा नयाँ परिवेश सिर्जना गर्ने उद्देश्यले ल्याएको उक्त विधेयकले केही विषयहरु उठान गरेको छ, उक्त विषयहरु राजनीतिक दलहरुबीच साझा धारणा बनाएर तथा स्थानीय र प्रदेश सरकारको एवं अन्य सरोकारवालाहरुको राय सुझाव लिएर मात्र समाधान गर्न सकिने समितिको ठहर वमोजिम समितिले २०८१ पुस ३ गते सातै प्रदेशमा प्रदेशस्तरीय कार्यक्रम गर्ने तय गरी अनुसूची -१ वमोजिमको मोडालिटी समेत तय गरेको थियो । सोही वमोजिम २०८० पुस २९ गते कर्णाली प्रदेशमा अनुसूची २ वमोजिमका सहभागीहरुसँग प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रममा समितिको तर्फबाट माननीय सभापति अम्मरबहादुर थापा, माननीय सदस्य दिपा शर्मा, माननीय सदस्य डिगबहादुर लिम्बु, माननीय सदस्य रेखा शर्मा, माननीय सदस्य सरिता भुसालको टोली बनेको थियो । त्यसैगरी सचिवालयबाट समिति सचिव श्री दशरथ धमला र शाखा अधिकृत श्री रोशन तण्डुकार र सिनियर प्रेस टेक्निसियन राजेन्द्र प्रसाद लामिछाने सहभागी हुनु भएको थियो ।

## १.२ कार्यक्रमको उद्देश्य

विद्यालय शिक्षा विधेयकका सम्बन्धमा स्थानीय र प्रदेश तहका सरोकारवालाहरूका सुझाव संकलन गरी दफावार छलफलको क्रममा त्यस्ता सुझावलाई समेट्ने कार्यक्रमको प्रमुख उद्देश्य हो । यसका अतिरिक्त अन्तरक्रिया कार्यक्रम सम्बन्धी अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन्

- विद्यालय शिक्षाका सम्बन्धमा विद्यमान समस्या तथा चुनौतीबारे जानकारी प्राप्त गर्ने
- विद्यालय शिक्षा क्षेत्रमा सरोकारवालाहरुको अपेक्षाबारे जानकारी प्राप्त गर्ने

- विद्यालय शिक्षाको समग्र सुधारका लागि चालिनुपर्ने कदमहरुको बारेमा जानकारी लिई सम्बन्धित निकायलाई सुझाव तथा निर्देशन दिने

## १.३ कार्यक्रमको विधि तथा प्रकृया

कार्यपत्र प्रस्तुती र सामूहिक छलफल तथा विधेयकका सम्वन्धमा सहभागीहरुबाट राय सुझाव विचार, सुझाव एवं जिज्ञासा प्राप्त गर्नेगरी तय भएको उक्त कार्यक्रम मुख्यतः छलफफल विधिमा आधारित थियो । कार्यपत्र मार्फत विधेयकका अन्तरवस्तुबारे जानकारी गराई सुझाव प्राप्त गर्ने प्रकृया अपनाइएको थियो भने सहभागीहरुले विद्यालय शिक्षा विधेयकका प्रावधानमा आफ्ना टिप्पणी राख्दै अव विद्यालय शिक्षाका लागि के कस्तो सुधार गरिनुपर्छ र विझान विधेयकमा के परिमार्जन गरिनुपर्छ भन्ने सन्दर्भमा धारणाहरु राख्ने प्रकृया अपनाइएको थियो ।

## १.४ सीमा

यो प्रतिवेदन सहभागीहरुबाट प्राप्त हुन आएका विचार, दृष्टिकोण तथा राय सुझावमा आधारित भई तयार पारिएको छ । स्थानीय तह तथा प्रदेश तहका नमूनाको रुपमा छनौट गरिएका जनप्रतिनिधि, शिक्षक, अविभावक, व्यवस्थापन समितिका पदाधिकारी तथा शिक्षा क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त राय, सुझावलाई आधार मानिएको छ। यो प्रतिवेदनले कर्णाली प्रदेशको समग्रतालाई प्रतिनिधित्व गर्ने भएतापनि प्रदेशका सबै जनप्रतिनिधि तथा प्रदेश सरकारका सबै मन्त्रालय एवं प्रदेशका सबै स्थानीय सरकारका प्रतिनिधि तथा विद्यालय क्षेत्रका सबै शिक्षक, विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवाहरुलाई प्रतिनिधित्व गराउन सकिएको छैन। छलफलमा उपस्थित सहभागीहरुबाट आएका राय सुझावमा मात्र आधारित रही निष्कर्ष निकालिएको छ ।

## १.५ प्रतिवेदनको संरचना

यो प्रतिवेदन चार परिच्छेद विभाजित छ । पहिलो परिच्छेदमा परिचय, दोस्रोमा विद्यालय शिक्षा विधेयकको बारेमा, तेस्रो परिच्छेदमा कार्यक्रमको विस्तृतीकरण, परिच्छेद चारमा निष्कर्ष तथा सुझाव समावेश गरिएको छ र अन्तमा केही अनुसूचीहरु समेत समावेश गरिएका छन् ।

# परिच्छेद दुई

# विद्यालय शिक्षा विधेयक, २०८० को अन्तरवस्तु

## २.१ विधेयकको सामान्य परिचय

विद्यालय शिक्षा विधेयक, २०८० प्रतिनिधि सभामा २०८० भदौ २७ दर्ता भएको थियो । उक्त विधेयक सभाबाट २०८० असोज २५ मा समितिमा दफावार छलफलका लागि पठाउने निर्णय भएतापनि विधेयकका सम्बन्धमा प्राप्त संशोधनहरुलाई एकीकृत गरी समितिमा २०८० मंसिर १४ मा प्राप्त भएको थियो । उक्त विधेयकमा १६३ वटा दफा रहेका छन् । ती दफाहरु उपर प्रतिनिधि सभाका १५२ समूहका सदस्यहरुले १७५८ वटा बुँदा संशोधन प्रस्ताव दर्ता गराउनु भएको छ। यो विधेयक नेपालको इतिहासमा हालसम्मकै सबैभन्दा धेरै संशोधनकर्ता र संशोधनका बुँदा भएको विधेयकको रुपमा रहेको छ ।

## २.२ विधेयकले समेटेका मूलभूत विषय

- विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण गर्न तथा विद्यालय शिक्षाका मुलभूत विषयमा समता, एकरूपता र गुणस्तर कायम गरी विद्यालयको स्थापना र सञ्चालन सम्बन्धी विषयलाई व्यवस्थित गर्न विद्यालय शिक्षासँग सम्बन्धित प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्ने विधेयकको मूल मर्म रहेको छ ।
- स्थानीय तहले विद्यालयको स्थापना र सञ्चालन गर्दा राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालय सञ्चालनको लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितता गर्नुपर्ने
- निजी लगानीको विद्यालय शैक्षिक गुठी अन्तर्गत स्थापना र सञ्चालन हुने
- सामाजिक, धार्मिक वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा स्थानीय तहमा दर्ता गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्ने
- नेपाल सरकार वा प्रदेश सरकारले सम्बन्धित स्थानीय तहसँगको समन्वयमा राष्ट्रिय मापदण्डको अधीनमा रही खास वा विशेष प्रकृतिका विद्यालय स्थापना र सञ्चालन गर्न सक्ने
- माध्यमिक तहमा प्राविधिक शिक्षा, साधारण शिक्षा र परम्परागत शिक्षाका धार (स्ट्रीम) मा पढाइ हुन सक्ने

- शिक्षणको माध्यमभाषा नेपाली, संस्कृत, मातृभाषा वा अङ्ग्रेजी हुन सक्ने
- शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न चाहने व्यक्तिले अनुमतिको लागि निवेदन दिनु अगावै त्यस्तो गुठीको विधान प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय वा सो मन्त्रालयले तोकेको निकायमा दर्ता गर्नु पर्ने
- नेपालस्थित कूटनीतिक नियोगले विदेशी नागरिकका छोराछोरीलाई आफ्नै देशको पाठ्यक्रममा आधारित भई अध्यापन गराउन विद्यालय स्थापना तथा सञ्चालन गर्न अनुमतिको लागि अनुरोध गरेमा नेपाल सरकारले शर्त तोकी त्यस्तो विद्यालय स्थापना र सञ्चालन गर्न अनुमति दिन सक्ने
- विद्यालयको स्थानान्तरण गर्ने, गाभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्नेः
- विद्यालयमा एउटा विद्यालय कोष रहने र रकम प्राप्त हुने स्रोतहरु खुलाइएको
- सार्वजनिक विद्यालयको प्रधानाध्यापकको छनोटका लागि जिल्ला स्थित शिक्षा कार्यालयको प्रमुख, सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा शाखाको प्रमुख र शिक्षा कार्यालयले तोकेको शिक्षाविद् रहेको एक छनोट समिति रहने र छनोट समितिका सदस्यमध्ये वरिष्ठ कर्मचारीले छनोट समितिको संयोजक भई काम गर्ने
- स्थानीय तहले राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालयमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमति दिन सक्ने
- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको तर्जुमा, पाठ्यक्रम संरचना, पाठ्यपुस्तक तथा पाठ्यसामग्री, विद्यार्थी मूल्याङ्कन सम्बन्धी नीति र मापदण्ड निर्धारणको लागि मन्त्रालयमा सिफारिस गर्न एक राष्ट्रिय पाठ्यक्रम परिषद् रहने
- विद्यालय शिक्षा प्रणालीको समग्र शैक्षिक गुणस्तर परीक्षणको मानक, मापदण्डको विकास, विद्यालयको परीक्षण तथा विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धि परीक्षण गर्न मन्त्रालय अन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने
- माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट र आधारभूत शिक्षा उत्तीर्ण परीक्षा स्थानीय तहबाट सञ्चालन हुनेछ

- सार्वजनिक विद्यालयका शिक्षकको लागि एक विद्यालय शिक्षक सेवाको गठन हुने र कक्षा एकदेखि पाँचसम्म अध्यापन गर्ने शिक्षकलाई साधारण, र कक्षा ६ देखि कक्षा आठसम्म अध्यापन गर्ने शिक्षकलाई विषयगत परीक्षा लिने
- सार्वजनिक विद्यालयका माध्यमिक र आधारभूत तहका साधारण तथा विषयगत तर्फका शिक्षकलाई प्रथम, द्वितीय र तृतीय श्रेणीमा विभाजन गरिने
- सार्वजनिक विद्यालयमा राष्ट्रिय मापदण्डमा तय भए बमोजिम विद्यार्थी सङ्ख्या, विषयगत र कक्षागत आवश्यकताको आधारमा शिक्षकको दरबन्दी रहने
- यो ऐन प्रारम्भ हुँदाका बखत सार्वजनिक विद्यालयमा कायम रहेका शिक्षक दरबन्दीलाई विद्यार्थी सङ्ख्या, विषयगत तथा कक्षागत आवश्यकता र भौगोलिक अवस्था समेतका आधारमा मन्त्रालयले दरबन्दी मिलान गरी स्थानीय तहमा हस्तान्तरण गर्ने
- विद्यालय शिक्षक सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये उनन्चास प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी त्यसको पचास प्रतिशत पदमा महिलाहरूमात्र र बाँकी पचास प्रतिशत पदमा समूहका उम्मेदवारहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिने
- शिक्षक पदमा नियुक्तिका लागि योग्यता निर्धारण गरिएको
- स्थानीय तहले सोही स्थानीय तह अन्तर्गतको एक सार्वजनिक विद्यालयबाट अर्को सार्वजनिक विद्यालयमा शिक्षक सरुवा गर्न सक्ने
- सरुवा गर्दा आधारभूत तहको साधारण शिक्षकलाई समान पदको रिक्त पदमा र आधारभूत तहको विषयगत र माध्यमिक तहको शिक्षकलाई विषयगत रिक्त पदमा मात्र सरुवा गर्नु पर्ने
- एउटै श्रेणीमा कम्तीमा पन्ध्र वर्षसम्म कार्यरत आधारभूत वा माध्यमिक तहको द्वितीय श्रेणी वा सोभन्दा मुनिका स्थायी शिक्षक उमेर हदका कारण अनिवार्य अवकाश हुन एक महिना बाँकी भएमा निजलाई एक श्रेणी माथिको पदमा बढुवा गरिने बढुवा सम्बन्धी विशेष व्यवस्था गरिएको
- सार्वजनिक विद्यालयका शिक्षकको लागि विभिन्न आचरणहरुको व्यवस्था गरिएको
- सार्वजनिक विद्यालयका शिक्षकको विभागीय कारबाही र सजाय सम्बन्धी व्यवस्था गरिएको

- सार्वजनिक विद्यालयका शिक्षकको अवकाश, उपदान र निवृत्तभरण
- कुनै शिक्षक शारीरिक अस्वस्थता वा मानसिक रोगको कारण विद्यालयमा अध्यापन गर्न असमर्थ छ भनी नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेमा त्यस्तो शिक्षकलाई पाँच वर्षसम्म सेवा अवधि थप गर्दा निवृत्तभरण पाउने अवस्था पुग्ने रहेछ भने त्यस्तो शिक्षकलाई बाँकी अवधि थप गरी अवकाश दिन सकिने विशेष व्यवस्था गरिएको
- ऐन प्रारम्भ भएपछि स्थायी नियुक्ति हुने शिक्षकको हकमा प्रचलित कानून बमोजिमको योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू हुने
- सार्वजनिक विद्यालयमा राष्ट्रिय मापदण्डमा निर्धारण भए बमोजिम विद्यालय कर्मचारीको दरबन्दी रहने र शिक्षक सेवा आयोगबाट सिफारिस भएका विद्यालय कर्मचारीको नियुक्ति स्थानीय तहले गर्ने
- सार्वजनिक विद्यालयमा स्वीकृत दरबन्दी अनुसार रिक्त शिक्षक तथा विद्यालय कर्मचारी पदमा नियुक्तिको लागि सिफारिस गर्न एक शिक्षक सेवा आयोग गठन हुने
- सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहको शिक्षा सम्बन्धी जिम्मेवारी तथा दायित्व निर्धारण गरिएको
- आयोगले जारी गरेको अध्यापन अनुमतिपत्र प्राप्त नगरी कसैले कुनै विद्यालयमा अध्यापन गर्न, गराउन नपाउने
- निजी लगानीका विद्यालयका शिक्षक तथा कर्मचारीको नियुक्ति, पदपूर्ति, पारिश्रमिक र सेवा शर्त सम्बन्धी व्यवस्था स्थानीय तहबाट स्वीकृत गराई लागू गरेको विनियम बमोजिम हुने
- सार्वजनिक शैक्षिक गुठीका विद्यालय वा निजी लगानीका विद्यालयमा कार्यरत शिक्षक तथा सार्वजनिक विद्यालयले आफ्नै स्रोतबाट व्यहोर्ने गरी नियुक्त गरेको शिक्षकलाई दिइने तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धित विद्यालय आफैंले व्यहोर्नु पर्ने
- नेपाल सरकारले प्रत्येक वर्ष बजेटमार्फत प्रत्येक स्थानीय तहलाई विद्यालय तथा विद्यार्थी सङ्ख्या, स्वीकृत शिक्षक दरबन्दी सङ्ख्या र विद्यार्थीले प्राप्त गरेको नतिजाका आधारमा आधारभूत तथा माध्यमिक शिक्षाको लागि सशर्त र विशेष अनुदान रकम उपलब्ध गराउने

- सार्वजनिक विद्यालयको शिक्षकलाई विद्यालयमा अध्यापन गर्ने वा विद्यालयको शैक्षिक प्रशासनिक कार्यमा बाहेक अन्य कुनै कार्यमा लगाउन नपाउने व्यवस्था
- नेपालभर स्थापना भई सञ्चालनमा रहेका विद्यालय र सार्वजनिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको अभिलेख राष्ट्रिय शिक्षक किताबखानामा रहने
- विद्यालयका शिक्षकको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न गैर राजनीतिक र व्यावसायिक (प्रोफेसनल) संस्थाको रुपमा नेपाल शिक्षक महासंघ रहने व्यवस्था
- शिक्षा ऐन, २०२८ खारेजको प्रस्ताव गरेको

## २.३ विधेयकका केही प्रमुख सवाल

- निजी विद्यालयको व्यवस्थापन गर्दै निःशुल्क शिक्षा नीतिको कार्यान्वयन गर्ने विषय
- स्थानीय सरकारको संवैधानिक क्षेत्राधिकार कायम राख्दै शिक्षकसँगको नेपाल सरकारले गरेको सम्झौताको कार्यान्वयनको विषय
- शिक्षकहरुको स्वामित्व (नियुक्ति, सरुवा तथा परिचालन र व्यवस्थापन) गर्ने विषय
- शिक्षकहरुलाई दलीकरणबाट मुक्त गर्ने विषय
- कोटा, करार, राहत लगायतका अनेकौं अस्थायी शिक्षकहरुको व्यवस्थापन गर्ने विषय
- विद्यार्थी कम भएका विद्यालयहरुको मर्जिङ्ग सम्बन्धी विषय
- शिक्षालाई गुणस्तरीय, शिपमूलक बनाई रोजगारमा आधारित बनाउने विषय
- विद्यार्थी बढी भएका तर दरबन्दी कम भएका विद्यालयहरुमा शिक्षक दरबन्दीको व्यवस्था मिलाउने विषय
- विषयगत शिक्षकको व्यवस्थापन गर्ने विषय
- प्राविधिक शिक्षालाई जोड दिई स्थानीयस्तरमा जोड्ने विषय
- विद्यालय शिक्षाको मोडल निर्धारण गर्ने विषय
- शिक्षकको मर्यादा र सेवा सुविधाको व्यवस्थापन सम्बन्धी विषय ।

# परिच्छेद तीन
# अन्तर्क्रिया कार्यक्रम तथा विद्यालयको अवलोकन सम्बन्धी जानकारी

## ३.१ अन्तर्क्रिया कार्यक्रमका क्रियाकलाप

कर्णाली प्रदेशमा विद्यालय शिक्षा विधेयक सम्बन्धी भएको प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रममा समितिका सभापतिले सभापतित्व गर्नुभएको थियो । कार्यक्रमको औचित्य र उद्देश्यमाथि प्रकाश पार्दै कार्यक्रमको सञ्चालन समितिका सचिव दशरथ धमलाले गर्नु भएको थियो । विधेयकका अन्तरवस्तुबारे समिति सचिव श्री दशरथ धमलाले प्रस्तुती गर्नु भएको थियो । त्यसपछि सहभागीहरुबाट राय सुझाव प्रस्तुत भएको थियो । अन्तर्क्रिया कार्यक्रम सम्बन्धी कार्यक्रम तालिका अनुसूची ३ मा समावेश गरिएको छ । अन्तर्क्रिया कार्यक्रम सम्बन्धी केही झलकहरु अनुसूची ४ मा समावेश गरिएको छ । कार्यक्रमको समापन पश्चात समितिले प्रदेशस्तरमा रहेका उत्कृष्ट र औषत गरी दुई वटा विद्यालयको स्थलगत अवलोकन गरी विद्यालयको विविध पक्षमा जानकारी लिएको थियो । विद्यालय अवलोकन सम्बन्धी केही झलकहरु अनुसूची ५ मा समावेश गरिएको छ ।

## ३.२ अन्तर्क्रिया कार्यक्रमबाट प्राप्त राय सुझाव

प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रममा सहभागी विभिन्न सरोकारवालाहरुले राखु भएका राय सुझावहरु निम्नानुसार रहेका थिएः

**श्री खगेन्द्र थापा, प्रधानाध्यापक, अमर ज्योति माध्यामिक विद्यालय**

- माध्यमिक तहसम्म संविधान बमोजिम स्थानीय तहसम्म रहेकोले सोही वमोजिम हुनुपर्ने
- निःशुल्क शिक्षा भन्ने तर कसरी चलाउने भन्ने कुरा नभएकोले विद्यालय चालउन अभिभावकले दिएको सहयोग विरुद्ध अदालतमा मुद्दा चल्ने गरेकोले यस्तो विषयमा ऐनमा प्रष्ट व्यवस्था हुनुपर्ने
- देशको आवश्यकता अनुसार पाठ्यक्रम विकास गरिनुपर्ने
- शिक्षक देशभरि सरुवा हुनुपर्ने
- शिक्षकको सेवा, सुविधा व्यवस्थित गर्न आवश्यक रहेको
- काम गर्नेलाई प्रोत्साहित गर्नुपर्ने प्रावधान चाहिने
- विद्यालय तोडफोड, तालाबन्दी गर्नेलाई कडा कारवाही हुने प्रावधान समेटियोस्

- लाइसेन्स भएको शिक्षक कम रहेकोले लाइसेन्सको बारेमा प्रष्ट व्यवस्था होस्

**श्री याम बहादुर श्रेष्ठ, प्रधानाध्यापक, जन माध्यामिक विद्यालय**

- विद्यालय शिक्षा स्थानीय सरकारको अधिकार सूचीमा रहने विषय व्यावहारिक नभएकोले संविधान संशोधन हुन आवश्यक छ । किनकी सार्वजनिक शिक्षा स्थानीय तहले ठेग्न सक्ने अवस्था छैन ।
- तीन तहको विद्यालय राख्नुपर्ने
- शिक्षकलाई स्थानीय तह अन्तर्गत खटाउने हो भने साविकका संघ अन्तर्गतका सबै शिक्षकलाई निजामती कर्मचारी सरह स्थानीय सरकार अन्तर्तग रहनेगरी समायोजन गरिनुपर्ने
- यो विधेयकमा critically intervene गर्न आवश्यक
- बाल विकासदेखि ८ कक्षासम्म स्थानीय तहलाई र बाँकी ९-१२ केन्द्र तहमा रहनेगरी मिलाउन आवश्यक
- क्रमश: नि:शुल्क गर्दै लगिनेछ भन्ने राख्न सकिने । पुरै नि:शुल्क सम्भव देखिएन
- प्रधानाध्यापकको अलग्गै दरबन्दीको व्यवस्था गरी नियुक्ति पारदर्शी, निष्पक्ष र प्रभावकारी हुनुपर्ने
- प्रधानाध्यापकलाई अधिकारसम्पन्न बनाउनुपर्ने ।

**गोविन्द कोइराला सामुदायिक विद्यालय व्यवस्थापन समिति**

- हाल देशभर १२०० विद्यालयमा दरबन्दी नरहेकोले विद्यालयमा दरबन्दीको व्यवस्था गरी शिक्षकको नियुक्ति हुनुपर्ने
- विद्यार्थीलाई केन्द्रमा राखेर बहस गर्नुपर्ने
- आवासिय विद्यालय मोडलमा जानुपर्ने
- SDG ४ अनुसार संविधान संशोधन गर्न अगाडि international treaty हेर्न आवश्यक
- विद्यालय व्यवस्थापन समितिको कार्यकाल ३ वर्षबाट ५ वर्ष हुनुपर्ने
- प्रधानाध्यापकको नियुक्ति सम्बन्धित विद्यालयबाटै हुनुपर्ने
- विद्यालयलाई सार्वजनिक नभनी सामुदायिक विद्यालय भनिनुपर्ने

- विद्यालय merging प्रकृया समाजवाद विरुद्ध हुनेहुँदा मर्ज नगर्ने । मर्ज गरेमा सामुदायिक विद्यालय उन्मुलन हुनसक्ने खतरा हुने
- शिक्षक छनौट सम्बन्धित विद्यालयले गर्नुपर्ने
- विद्यार्थीको drop out लाई रोक्ने विधि आवश्यक
- हरेक कक्षामा registration गर्ने प्रावधान हटाई record राखेर परीक्षा शुल्क मात्र लिनुपर्ने
- IT friendly environment, bookless environment, मौसमी environment सिर्जना गर्नुपर्ने
- विद्यार्थीलाई अक्षर चिनाएसँगै देशको माटो चिनाउन आवश्यक
- आफ्नो सन्तती सामुदायिकमा पढाउन बाध्यात्मक गर्नुपर्ने

**श्री नवराज गुरुङ, प्यावसन प्रतिनिधि**

- विधेयकमा private school को समस्या सम्बोधन नभएकोले सो सम्बन्धी प्रावधान समावेश गरिनुपर्ने
- कम्पनी र गुठीबाट चल्ने २ प्रकारका निजी विद्यालय रहेकोले के हो प्रष्ट हुनुपर्ने । यद्दपि कम्पनीबाट चलेको विद्यालयहरुले राम्रो सेवा दिइरहेका
- शुल्कको समस्या समाधान गर्न ppp model मा जानुपर्ने

**श्री गीता बटाला बाल विकास शिक्षक**

- २ तहको बाल विकास शिक्षा हुनुपर्ने
- बाल विकास शिक्षकको दरबन्दी सिर्जना हुनुपर्ने
- बाल शिक्षामा सम्बद्ध शिक्षकलाई सामाजिक सुरक्षा कोषको व्यवस्था गर्नुपर्ने

**श्री नवराज घिमिरे, प्रधानाध्यापक, शिव माध्यामिक विद्यालय**

- प्रधानाध्यापकलाई जिम्मेवार, सशक्त र उत्तरदायी बनाउने प्रावधान समावेश होस्
- तहगत रुपमा शिक्षकको rank स्पष्ट हुनुपर्ने
- शिक्षकको नियुक्ति गर्ने अधिकार एक तहमाथिकोलाई हुनुपर्ने
- सरुवामा पालिकाको सिफारिस अनावश्यक भएकोले हटाउने

- प्रदेशको शिक्षा संरचना बलियो बनाउनुपर्ने
- १ शिक्षक नियुक्ति गर्न ६० दिन लाग्ने गरेकोले अझ छोटो विधि अपनाउने
- प्राविधिक धारको शिक्षाको output राम्रो नभएकोले प्रभावकारी व्यवस्था समावेश गर्ने
- विषय अनुसार दरबन्दीको अभाव भएकोले विषयगत शिक्षकको व्यवस्था
- पढाउने माध्यम ऐच्छिक हुनुपर्ने ।

**श्री शेर बहादुर थापा, पत्रकार lokanter.com**

- लगानी खबौं, विद्यार्थी भन्दा शिक्षक बढी
- शिक्षकहरु घरपायव ठाउँमा गएर आफू अनुकूल विद्यालय जाने गरेको
- यस्ता खालका शिक्षकहरुलाई कारबाही गर्नुपर्ने
- आफ्ना सन्तान सोही विद्यालयमा पढाउने व्यवस्था गर्नुपर्ने
- शिक्षक र कर्मचारीको दरबन्दीको अभाव
- अहिले प्रधानाध्यापकले गर्ने मुख्य काम राजनीति भएको आरोप

**श्री मोहनमाया ढकाल, वीरेन्द्रनगर नगरपालिका प्रमुख**

- विद्यालय सम्बन्धी अधिकार पालिका अन्तर्गत नै ठिक छ संविधान संशोधन गर्न अनावश्यक
- संविधान बमोजिम नि:शुल्क शिक्षालाई कार्यान्वयन गर्न सकिने ठम्याई
- जहाँ विद्यार्थी त्यहाँ शिक्षकको व्यवस्था गरे समस्या नआउने
- प्रतिष्पर्धाबाट शिक्षक पठाउन आवश्यक
- विद्यालय व्यवस्थापन समितिको काममा प्रश्न भएकोले प्रभावकारी व्यवस्था आवश्यक
- विद्यालय व्यवस्थापन समितिको गठन शैक्षिक गुणस्तर वृद्धि गर्न पहल गर्नुपर्ने नकि शिक्षक नियुक्ति, भवन निर्माणमा
- पालिकाले १० वर्षमा विद्यालयलाई कस्तो बनाउने भनी रणनीति बनाउनुपर्ने
- बालविकासदेखि ५ सम्म प्राथमिक शिक्षा भनेपछि बालविकासलाई पनि प्राथमिक तह अनुसार बनाउनुपर्ने
- शिक्षामा कुन तहले कति लगानी गर्ने भन्ने बारे प्रष्ट हुनुपर्ने

**श्री चित्रनाथ योगी, महासचिव सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ**

- पाठ्यपुस्तक निर्माण गर्ने कुरामा अंग्रेजीलाई Focus गरेको
- स्थानीय भाषालाई जोड दिनुपर्ने
- विद्यालयको माग अनुसार शिक्षक नियुक्ति हुन विद्यालयको व्यवस्थापन समितिलाई अधिकार दिनुपर्ने

**श्री मक्क बहादुर बुढा क्षेत्री, नेपाल शिक्षक महासंघ**

- शिक्षकको माग संबोधन हुनेगरी विधेयक आउनुपर्ने
- विद्यालयको भौतिक पूर्वाधार बनाउँदा शिक्षक धाउन परेको अवस्थाको अन्त गरी शिक्षक शिक्षणमा मात्र संलग्न हुने वातावरण आवश्यक
- शिक्षकलाई निजामती सरह सेवा सुविधा हुनपर्ने

**श्री गौरी आचार्य, जिल्ला समन्वय समिति प्रमुख**

- "हामी सुधाछौं हाम्रो विद्यालय" नाराका साथ काम गरिनुपर्ने
- शिक्षक राजनीति गर्ने, छोराछोरी Private मा पढाउने गरेकोले सुधार हुन नसकेकोले सुधार गर्न आवश्यक
- विद्यालय शिक्षा सुधारका लागि नीतिगत तहमा हेर्न जोड

**श्री सुशिल शर्मा, नेपाल पत्रकार महासंघ**

- निजी क्षेत्रको शिक्षकलाई License आवश्यक हो/होइन विचार गर्नेपर्ने
- विषयगत शिक्षक आवश्यक
- विद्यालयमा राजनीति बन्द गर्ने प्रावधान समावेश

**माननीय सदस्य श्री कलापति न्यौपाने, प्रदेश सभा सदस्य**

- विद्यालय Merging गर्दा विद्यार्थीको भौतिक दुरीलाई ध्यान दिनुपर्ने
- स्थानीयस्तरमा शिक्षक नपाउदा शिक्षक व्यवस्थापनमा कठिन
- विद्यालयको अनुगमन गर्दा विषय विज्ञ हुनुपर्ने

**माननीय दस्य रणसिंह परियार, प्रदेश सभा सदस्य**

- शिक्षा नीति बलियो हुनुपर्ने
- प्रत्येक विद्यालयमा प्राविधिक शिक्षाको व्यवस्था हुनुपर्ने
- हिमाली, पहाडी विद्यार्थीलाई आवसीय शिक्षाको व्यवस्था हुनुपर्ने
- उच्च भेगमा मौसम अनुकुल विद्यालय व्यवस्थपान हुन जरुरी
- शिक्षकलाई वृत्ति विकासको सुनिश्चित हुनुपर्ने
- प्रदेश सरकारको भूमिका किटान गरिनुपर्ने
- शिक्षकलाई पर्याप्त रुपमा अधिकार दिनुपर्ने।

**माननीय सदस्य हिक्मत विष्ट, प्रमुख सचेतक (नेपाली काँग्रेस)**

- विद्यालय शिक्षा विधेयक समाजवादको प्रस्थान विन्दु हुन सक्ने
- निजी र सामुदायिक शिक्षाको सट्टा एकै प्रकारको सामुदायिक शिक्षा हुनुपर्ने
- धेरै प्रकारका शिक्षकको सट्टा एकै प्रकारको शिक्षकको व्यवस्था हुनुपर्ने
- शिक्षकलाई दण्ड र पुरस्कारको व्यवस्था आवश्यक

**श्री हरिभक्त श्रेष्ठ, शिक्षक महासंघ सदस्य**

- शिक्षा व्यापार नभएकोले कम्पनी अन्तर्गत राख्न नहुने
- विषयगत शिक्षकको नियुक्ति, दरबन्दी संघमा हुनुपर्ने
- २०२८ सालको ऐनको प्रस्तावना हेरेर अहिलेको ऐनमा राख्नुपर्ने
- पढ्दै, सिक्दै, कमाउँदै गर्ने वातावरण हुनुपर्ने
- License को सरलीकरण गर्नुपर्ने
- अंग्रेजीलाई Optional बनाउनुपर्ने ।

**माननीय पूर्व मुख्यमन्त्री तथा संविधान सभा सदस्य जीवन बहादुर शाही**

- शिक्षक भनेको Math, Science, English मात्र होइन, अरुको पनि मनोबल उच्च बनाउनुपर्ने
- शिक्षकमा दलीयकरण हटाउनुपर्ने
- ऐनमा निःशुल्क के के हुने हो प्रष्ट गरी बाँकी छोटिदिनुपर्ने

- शिक्षकको सेवा, सुविधाको कुरा गर्दा Resources सुनिश्चित हुनुपर्ने
- आवासीय विद्यालयको Concept ठिक रहेको
- शिक्षामा " The operation was successfully performed, but the patient did not survive." नहोस्।

**कर्णाली प्रदेश बालबालिका संजाल समितिको तर्फबाट सुझाव**

- बालबिकास शिक्षकलाई विद्यालय संरचनाभित्र समावेश गरी बालविकासदेखि कक्षा ५ सम्म प्राथमिक शिक्षा हुनुपर्ने
- बालविकास शिक्षा दुई तहको हुनुपर्नेः(३-४) वर्ष उमेर समुह र (४-५) वर्ष उमेर समुह (पुर्व प्राथमिक शिक्षा)
- बालविकास शिक्षाको दरबन्दी कायम गरी प्राथमिक शिक्षक सरको सेवा सुविधा दिनुपर्ने र यसको आर्थिक दायित्व पूर्ण रुपमा संघीय सरकराले व्यहोर्नुपर्ने
- बालविकास शिक्षकलाई कार्यकर्ताबाट हटाई प्राथमिक शिक्षक भनी सम्बोधन गरिनुपर्ने र कार्यरत शिक्षकको शैक्षिक योग्यताको निर्धारण गर्नुपर्ने । शैक्षिक योग्यता निर्धारण गर्दा अयोग्य ठहर भएका शिक्षकलाई नियुक्ति भएको मिति देखिको सेवा अवधि गणना गरी उपदानको व्यवस्था गरी विदाई गर्नुपर्ने
- ६० वर्ष उमेर पुगेका शिक्षकलाई सेवा अवधि गणना गरी गोल्डेन हेनसेकको व्यवस्था गर्नुपर्ने
- बालविकास शिक्षकलाई राज्यले ६०%, र स्वयं शिक्षकले ४०% आर्थिक दायित्व रहने गरी सामाजिक सुरक्षा कोषको व्यवस्था गर्नुपर्ने
- वालविकास शिक्षादेखि विद्यार्थी छात्रावृत्तिको व्यवस्था गर्नुपर्ने
- बालविकाशको भवन निर्माण गर्दा राष्ट्रिय मापदण्ड अनुसारको बनाउनु पर्ने
- एक वाल विकाश केन्द्र एक सुसारेको व्यवस्था गर्नुपर्ने
- कार्यरत शिक्षकलाई नियुक्ति देखि नै संचित विरामी विदाको व्यवस्था गर्नुपर्ने

**श्री बखत भण्डारी, (TECSES परियोजना)**

- हरेक शिक्षकलाई ICT, Digital learning सँग सघन रुपमा जोडिनुपर्ने
- शिक्षक सामाग्रीयूक्त कक्षा कोठा प्रयोग गर्ने व्यवस्था हुनुपर्ने

- Teacher compency framework
- Teacher professional development compency framework
- Strategic Investment Plan आवश्यक
- Education plan costed शिक्षा योजनाको लागत गणना आवश्यक
- शिक्षामा स्थानीय तहलाई प्रदेशसंग जोडिनुपर्ने
- शिक्षक तालिम केन्द्र संगको सम्बन्ध प्रभावकारी बनाउनुपर्ने
- विश्वविद्याल, प्रदेश, संघ र स्थानीय तहसँग प्रत्यक्ष संमन्वयन आवश्यक
- प्रत्येक जिल्लामा तालिम केन्द्र अनिवार्य ।

**माननीय सदस्य जुम्कीत लामा**

- प्राकृतिक प्रतिकूलता र भौगोलिक प्रतिकूलतालाई मध्यनजर गरी शिक्षा निती बनाउनुपर्ने
- जातिय, भाषागत समस्याको कारणले विद्यालयमा शिक्षण सिकाईमा असर पारेको र गुणस्तरीय शिक्षावाट बञ्चित हुने भएकोले समाज अनुसारको भाषागत विषयलाई पाठ्यक्रममा राखिनुपर्ने
- हुम्ला र डोल्पा जस्ता पिछडिएको जिल्लाहरुका विद्यार्थीहरुलाई कुनैपनि परीक्षा दिने सन्दर्भमा अरु जिल्लाको भन्दा विशेषरुपमा प्राथमिकताको आधारबाट नम्बर दिनुपर्छ
- निजी विद्यालय पढ्ने विद्यार्थी भन्दा सामुदायिक विद्यालयमा पढेका विद्यार्थीलाई बढी प्राथमिकता दिनुपर्ने।

**माननीय सदस्य रण सिंह परियार, प्रदेश सभाको सामाजिक विकास समिति सदस्य**

- शुल्क मात्र निःशुल्क नभई विद्यार्थीहरुका आधारभूत सामानहरु पनि सरकारले निःशुल्क गर्नुपर्ने
- शिक्षा नीति देशभर एउटै हुनुपर्ने।
- संघ सरकार र प्रदेश सरकार दुवैले शिक्षामा जिम्मेवारी पाउनु पर्ने
- शिक्षकहरु दलको झण्डा बोकेर हिड्न नपाउने तर आस्था राख्न पाउने हुनुपर्ने
- भौगोलिक अवस्थालाई मध्यनजर गरी विद्यालय मर्ज हुनुपर्ने
- विद्यालयमा शिक्षकहरु विषयगत दरबन्दी हुनुपर्ने
- लामो समयसम्म करार, अस्थायी शिक्षकको उचित व्यवस्थापन गरिनुपर्ने
- विद्यालयमा सिपमूलक शिक्षालाई विशेष जोड दिने, जसले रोजगार सृजना गर्न सकोस्

- हिमालमा र पहाडमा आवासिय विद्यालय अनिवार्य गरिनुपर्ने
- मौसम अनुकूलता अनुसार शिक्षा नीति बनाईनुपर्ने
- शिक्षकलाई निजामती कर्मचारी सरह सुविधा दिनुपर्ने
- समाजमा पछाडि पारिएका समुदायका शिक्षा पूर्ण निःशुल्क हुनुपर्ने
- प्रत्येक विद्यालयमा प्राविधिक विषय राखिनु पर्ने ।
- शिक्षालाई समाजवादसँग जोड्नुपर्ने
- शिक्षकका पेशागत संघ संगठन खोल्न दिनु पर्छ तर दलै पिच्छेका संघ संगठन खोल्न दिनु हुँदैन
- शिक्षालाई नैतिक/आचरणसँग जोड्नुपर्ने
- शिक्षक पेशालाई मर्यादित, छनौट विधि उचित, दण्ड पुरस्कारको व्यवस्थाऽ सरुवालाई सरलीकरण गरिनु पर्ने
- प्रदेशलाई के अनुगमन/निरक्षण र केही थप अधिकारको जिम्मेवारी दिने कुरा
- लामा भाषालाई पाठ्यक्रम बनाई लागु गरिनु पर्ने ।

**श्री नवराज घिमिरे, प्रधानाध्यापक, शिव माध्यामिक विद्यालय लाटिकोईली सुर्खेत**

- प्रध्यान्याध्यापकको नियुक्ति तथा शिक्षकको नियुक्ति एक तह माथिको आधिकारीबाट हुनुपर्ने
- शिक्षक सरुवामा कार्यरत विद्यालयको सहमति दिएमा मात्र हुने
- बर्खे विदा/घर विदाबारे स्पष्ट उल्लेख हुनुपर्ने
- English, Math's, computer विषय अंग्रेजी वा नेपाली मध्ये कुनै पनि माध्यममा सिक्न पाउने व्यवस्था हुनुपर्ने
- प्रधानाध्यापकको नियुक्ति शिक्षक सेवा आयोगबाट गर्ने र आयोग प्रदेशगत हुनुपर्ने
- शिक्षकले अन्यन्त्र आर्थिक लाभ हुने काम गर्न नपाइने व्यवस्थालाई संसोधन गरी विद्यालय समय बाहेक गर्ने
- शिक्षकलाई काजमा प्रदेश, मन्त्रालयमा जान पाउने व्यवस्था गर्ने
- शिक्षकका सेवा, सुविधा समान तहका अन्य राष्ट्र सेवक सरह हुनेछ भनी उल्लेख राख्नुपर्ने
- शिक्षकको लागि सेवा प्रवेश उमेरको हद ४० वर्ष कायम हुनुपर्ने
- श्रेणी विभाजनः माध्यमिक तहमा विशिष्ट श्रेणी रहने

- शिक्षकको बढुवाः योग्यता र क्षमता भएका शिक्षकलाई श्रेणीगतबाट तहगत बढुवा हुने व्यवस्था गर्नुपर्ने
- विद्यालय व्यस्थापन समितिको चयन अविभावकहरुबाट गर्नुपर्ने
- प्रधानाध्यापकलाई छुट्टै पद बनाई सेवा, सुविधा, जिम्मेवारी, दायित्व स्पष्ट उल्लेख गरिनुपर्ने
- विद्यार्थी संख्याका आधारमा प्रधानाध्यापकको सेवा सुविधा फरक हुने गरी व्यवस्थापन गर्ने
- शिक्षकको का.स.मूको मूल्याङ्कनका लागि प्रधानाध्यापकसहित स्थानीय शिक्षा अधिकृत/इकाई प्रमुखको समिति रहनुपर्ने
- प्रदेश निर्देशकको अध्यक्षतामा पुनरावलोकन समिति हुनुपर्ने
- ऐनको दफा २(घ) मा आधारभूत शिक्षामा बालविकास शिक्षादेखि कक्षा ८ सम्म बनाउनुपर्ने
- ऐनको दफा १३ विद्यालय कोष उपदफा(१) मा अभिभावकबाट स्वेच्छिक रुपमा प्राप्त सहयोग भन्ने थप्नुपर्ने।
- दफा २२ शिक्षा कार्यालयको काम कर्तव्यमा शिक्षकहरुको अभिलेख तथा विदा, निवृत्तिभरण, उपदानको सिफारिस गर्ने भन्ने कुरा थप्ने
- दफा ५८ मा उपचार खर्चमा माध्यमिक तहको कम्तीमा १८ महिना कायम हुनुपर्ने।

**गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल कर्णाली प्रदेशबाट प्रस्तुत गरिएका सुझाव**

**<u>शिक्षामा संघ सरकारको अधिकार</u>**

- केन्द्रीय विश्वविद्यालय, विद्यालय शिक्षाको शैक्षिक मापदण्ड, पाठ्यक्रम, पाठ्यपुस्तक, राष्ट्रिय योग्यता प्रणाली, गुणस्तर मानकमा आधारित प्रतायन प्रमाणपत्र (Quality Assurance and Accreditation)

**<u>शिक्षामा प्रदेश सरकारले अधिकार</u>**

- क्षेत्रीय विश्वविद्यालय र सामुदायिक क्याम्पस, कक्षा १० को परीक्षा पालिकाको सहमतिमा अन्तरपालिका शिक्षक सरुवा, शिक्षक तालिम, प्राविधिक र व्यावसायिक शिक्षक तालिम

**<u>स्थानीय सरकारको अधिकार</u>**

- आधारभूत र माध्यमिक विद्यालय, स्वीकृति, समायोजन, खारेजी, विद्यालय व्यवस्थापन समेत
- आयोगको शिफारिसमा शिक्षक नियुक्ति, स्थानीय तह क्षेत्र भित्र शिक्षक सरुवा, कार्य सम्पादन मूल्यांकन, शिक्षक कर्मचारी क्षमता विकास र अद्यावधिक, स्थानीय स्वयम् सेवक परिचालन, प्राविधिक र व्यवसायिक शिक्षा र तालिम ।

**साझा अधिकारको कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय सरकारको भूमिका**

**संघको भूमिका**

- संघीय शिक्षा नीति, ऐन तथा नियमावली जारी गर्ने र राष्ट्रिय मापदण्ड निर्धारण गर्ने,
- पाठ्यक्रम तथा पाठ्यपुस्तक र पाठ्यपुस्तकको रकम उपलब्ध गराउने,
- न्युनतम शिक्षक दरवन्दी र त्यसका लागि स्रोत सुनिश्चित गर्ने,
- स्थानीय तहले संचालन गर्ने प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तथा माध्यमिक शिक्षा, अनौपचारिक तथा खुल्ला शिक्षा, अभिभावक शिक्षा, वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई, विशेष शिक्षा तथा घुम्ती शिक्षा र शैक्षिक विकासका लागि वित्तीय हस्तान्तरण गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि वित्तीय हस्तान्तरण गर्ने,
- विद्यालय शिक्षाको गुणस्तर र मापदण्ड निर्धारण गर्ने,
- राष्ट्रिय योग्यता प्रणाली तयार गर्ने,
- गुणस्तरमा आधारित प्रत्यायन प्रमाणपत्र (Quality Assurance Accreditation) उपलव्ध गराउने,
- अंग्रेजी, गणित, विज्ञान र प्राविधिक विषयमा डिजिटल सामाग्रीको विकास र हस्तान्तरण गर्ने,
- दृष्टिविहीन, बहिरा, सुस्तश्रवण, श्रवण दृष्टिविहीन अपांगता भएका व्यक्तिलाई भाषा तरिका, लिपि, पाठयक्रम र पाठ्यपुस्तक उपलब्ध गराउने,
- अपांगता भएका व्यक्तिको सीप अभिवृद्धि गर्न शैक्षिक सामाग्री उपलब्ध गराउने,
- बहुआयामिक गरिबीको क्षेत्रभित्र परेका, बहुबन्चितिकरणमा परेका, आर्थिक सामाजिक रूपमा पछाडिपरेका, अपांगता भएका र औपचारिक शिक्षा हासिल गर्ने अवसरबाट बन्चित नागरिकका लागि विद्यार्थी वित्तीय सहायता प्रणाली लागू गरी स्रोत सुनिश्चित गर्ने,
- कक्षा १२ को अन्तिम परीक्षा सन्चालन गर्ने,
- प्रदेशको सहमतिमा अन्तर प्रदेश शिक्षक/कर्मचारी सरुवा गर्ने
- कानून तथा योजना तर्जुमा गर्नु पूर्व शिक्षा मन्त्रीको अध्यक्षतामा विषयगत समिति गठन गरी समितिमा स्थानीय तहका संघ महासंघका प्रतिनिधि रहने व्यवस्था र नियमित बैठक गर्ने,

**प्रदेशको भूमिका**

- विद्यालय शिक्षाको साझा अधिकार सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा गर्ने,
- प्रादेशिक भाषाको निर्धारण गर्ने,
- कानून तथा योजना तर्जुमा गर्नु पूर्व सामाजिक मन्त्रीको अध्यक्षतामा विषयगत समिति गठन गरी समितिमा स्थानीय तहका संघ महासंघका प्रतिनिधि रहने व्यवस्था र नियमित वैठक गर्ने,
- बहुआयामिक गरिबी, बहुवञ्चितीकरण तथा आर्थिक सामाजिक रुपले पछाडि परेका, अपांगता भएका र औपचारिक शिक्षा हासिल गर्ने अवसरबाट बञ्चित नागरिकका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका लागि विद्यार्थी वित्तीय सहायता उपलब्ध गराउने,
- प्राविधिक तथा व्यावसायिक विद्यालय स्थापनाका लागि नक्साङ्कन गरी स्रोत सुनिश्चित गर्ने,
- दृष्टिविहीन, बहिरा, सुस्तश्रवण, श्रवण दृष्टिविहीन अपांगता भएका र अटिजम भएका बालबालिकाका लागि आवश्यक विद्यालय सुनिश्चित गर्न नक्सांकन गरी स्रोत
- सुनिश्चितका लागि सशर्त अनुदानका साथै अन्तरपालिका साझेदारीका लागि उत्प्रेरणा कोष स्थापना गरी प्रोत्साहन गर्ने,
- अभिभावक विहीन बालबालिका र अतिविपन्न बालबालिकाको लागि नक्सांकन तथा उत्प्रेरणा कोष मार्फत स्रोत सुनिश्चित गरी अन्तरपालिका साझेदारीबाट आवासीय विद्यालय स्थापना गर्न प्रोत्साहन गर्ने,
- सीप नक्साङ्कन गरी प्रविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा पहुँच विस्तार गर्न तालिम प्रदायक संस्था, सार्वजनिक, सहकारी र औद्योगिक क्षेत्रसँगको सहकार्यमा कार्यस्थलको सिकाइ सहित रोजगार सुनिश्चित गर्न औद्योगिक प्रशिक्षार्थी कार्यक्रम संचालन गर्ने,
- स्थानीय तहले भोगेको वाह्य प्रभाव (Externalities of Spill-over Jurisdiction) संवोधन हुनेगरी स्रोतको व्यवस्था गर्ने,
- विद्यालय शिक्षक तालिम संचालन गर्ने,
- विद्यालय कर्मचारी तालिम संचालन गर्ने,
- स्थानीय शिक्षा शाखा तथा विषयगत समितिलाई तालिम दिने,

- स्थानीय शिक्षा समितिलाई अनुशिक्षण गर्ने,
- विद्यार्थीको शिक्षण सिकाई उपलव्धी नमूना परीक्षण गर्ने,
- शिक्षा विकासमा स्थानीय तहवाट संविधान तथा कानून बमोजिम कार्य भए नभएको सुनिश्चित गर्ने,
- स्थानीय तहबाट भएका शैक्षिक क्रियाकलापको सुपरीवेक्षण गरी प्रदेश समन्वय परिषदबाट आवश्यक निर्णय गर्ने
- कक्षा १० को परीक्षा संचालन गर्ने,
- प्रदेशभित्र शिक्षण सिकाई उपलब्धीमा अव्वल सावित भएका स्थानीय तह र विद्यालयलाई राष्ट्रिय शिक्षा दिवसका अवसरमा मान, पदवी तथा विभूषण प्रदान गर्ने ।

<u>स्थानीय सरकारको भूमिका</u>

- विद्यालय शिक्षा सम्बन्धी नीति तथा कानूनको तर्जुमा गर्ने
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र कार्यान्वयन गर्ने,
- विद्यालय तहको शैक्षिक योजना, बजेट तथा कार्यक्रम स्वीकृति र कार्यान्वयन गर्ने,
- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई तथा विशेष शिक्षा सम्बन्धी मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन गर्ने,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, संचालन, अनुगमन, मूल्यांकन र नियमन गर्ने,
- प्रादेशिक नक्सांकनका आधारमा प्राविधिक तथा व्यावसायिक विद्यालय स्थापना, स्वीकृति, अनुमति र संचालन गर्ने,
- प्रादेशिक नक्सांकनका आधारमा दृष्टिविहीन, वहिरा, सुस्तश्रवण, श्रवण दृष्टिविहीन र अटिजम भएका बालवालिकाका लागि अपांगताको अवस्था अनुसार विद्यालय स्थापना, स्वीकृति, अनुमति र संचालन गर्ने,

- प्रादेशिक नक्सांकनका आधारमा अभिभावक पहिचान नभएका, अभिभावक गुमाएका तथा अतिविपन्न बालबालिकाका लागि आवासीय विद्यालय स्थापना, स्वीकृति, अनुमति र संचालन गर्ने,
- विद्यालयको कक्षा थप, घट र स्वीकृति गर्ने,
- शिक्षक, कर्मचारी दरबन्दी मिलान गर्ने,
- शिक्षक, कर्मचारी कार्यसम्पादन मूल्यांकन गर्ने,
- आयोगको सिफारिशमा स्थायी शिक्षक नियुक्ति गर्ने,
- मापदण्ड बमोजिम अस्थायी, करार शिक्षक नियुक्ति गर्ने,
- विद्यालय व्यवस्थापन समिति गठन तथा नियमन गर्ने,
- अभिभावक संघ गठन गर्ने,
- बालकल्व गठन र सरोकारवाला विषयमा सहभागिता गराउने,
- गाउँ/नगर शिक्षा समिति गठन र संचालन गर्ने,
- अपांगमैत्री भौतिक पूर्वाधार निर्माण गर्ने,
- अतिरिक्त कृयाकलाप संचालन गर्ने,
- आधरभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्ने,
- विपन्न वालवालिकाका लागि निःशुल्क शैक्षिक सामाग्री उपलब्ध गराउने,
- कक्षा ९ सम्मको एकीकृत वार्षिक परीक्षा संचालन,
- विद्यार्थी सिकाई उपलब्धी परीक्षण र सो आधारमा शिक्षक मूल्यांकन गर्ने,
- अतिविपन्न बालबालिका, अभिभावक पहिचान नभएका बालबालिका, अभिभावक विहीन बालबालिका, अपांगता भएका बालवालिकाहरूको तथ्यांक संकलन, प्रसोधन र अधावधिक गर्ने र प्रदेश र संघमा पेश गर्ने,
- अध्ययनरत बालबालिकाको संख्या, आधारभूत तहसम्म भर्ना भएका, सो तह पूरा गरेका वा पूरा नगरी विद्यालय छाडेका विद्यार्थी संख्या र विद्यालय शिक्षाको लागि विनियोजित रकमको विवरण वार्षिक रुपमा गाउँ/नगर सभामा पेश गरी प्रदेश र संघमा पनि पठाउने व्यवस्था गर्ने,

- माध्यमिक विद्यलयमा भर्नाहुने र विद्यालय छोड्ने विद्यार्थीको तथ्यांक अद्यावधिक गर्ने ।

**<u>प्रस्तावित विधयेकको सम्बन्धमा सुझाव</u>**

- विधेयकको नाम शिक्षाको मापदण्ड सम्बन्धी सङ्घीय ऐन, २०८० राखु पर्छ । अन्यथा प्रस्तावित नामबाट यो ऐन आएमा स्थानीय तहको एकल अधिकारमा ठाडो हस्तक्षेप हुनेछ, जसको निराकरणको लागि संवैधानिक इजलाशले गर्नु पर्नेछ ।
- विद्यालय शिक्षा सम्बन्धित कानुन शिक्षक केन्द्रित भएर बनाउने पर्ने
- निजामती कर्मचारी समायोजन भएजस्तै शिक्षक समायोजन गरिनुपर्ने ।

**नेपाल शिक्षक महासंघ, कर्णाली प्रदेश समिति**

**<u>अस्थायी प्रकृतिका शिक्षकका सम्बन्धमा</u>**

- राहत, साविक उच्च मावि, शिक्षण सिकाइ अनुदान, प्राविधिक धार तथा विशेष शिक्षाका शिक्षकको कोटालाई स्वीकृत दरवन्दीमा परिणत गरी उमेरको हद नलगाई महासंघसँग २०८० सालमा भएको सहमती वमोजिम् स्थायी गर्ने र स्थायी हुन नसक्नेको हकमा गोल्डेन हेन्डसेकको व्यवस्था गर्ने
- अब आइन्दा फरक खालको सेवा सुविधा हुने शिक्षक कोटाहरू सिर्जना नगर्ने
- शिक्षक दरबन्दी पुनर्वितरण तथा मिलान कार्यदलले दिएको सुझाव अनुसार नयाँ शिक्षक दरबन्दी थप गर्ने
- अस्थायी प्रकृतिका शिक्षकको विरामी विदा सञ्चित हुने व्यवस्था गर्ने ।

**<u>विद्यालय कर्मचारीको सम्बन्धमा</u>**

- तह अनुसार हरेक विद्यालयमा कर्मचारीको दरबन्दी व्यवस्था गर्ने र महासङ्घसँग भएको सहमती अनुसार तहगत रुपमा खरदार/नासु/अधिकृत तोकी शिक्षक सेवा आयोगबाट स्थायी गर्ने
- अवकाश भएका कर्मचारीलाई सुविधा दिने ।

**<u>बाल कक्षामा शिक्षकको सम्बन्धमा</u>**

- बाल विकास शिक्षालाई विद्यालय संरचनाभित्र ल्याउने। बाल विकास कोटालाई स्वीकृत कोटा (प्राथमिक तृतीय सरह) मा परिणत गरी महासङ्घसँग भएको सहमती वमोजिम शिक्षक सेवा आयोगबाट स्थायीत्वको प्रक्रियामा लैजाने ।

**स्थायी शिक्षकको सम्बन्धमा**

**बढुवा व्यवस्था**

- शिक्षक बढुवामा चार श्रेणी (तृतीय, द्वितीय, प्रथम र विशिष्ट) को व्यवस्था गरी बढुवाको अनुपात वृद्धि गर्ने ।
- हरेक दश वर्षमा बढुवा हुने प्रबन्ध गर्ने
- त्यसैगरी आवश्यक शैक्षिक योग्यता र लाइसेन्स भएका शिक्षकको बढुवा गर्दा तहगत रुपमा गर्नेः (प्राथमिकबाट निमावि र निमाविबाट माविमा)
- तल्लो तहमा स्थायी भएका शिक्षकको हकमा हरेक पटक आयोग खुल्दा २५% पद आन्तरिक प्रतिस्पर्धाका लागि छुट्याइ दिने ।

**तलव, सेवा सुविधा र ग्रेड सम्बन्धमा**

- निजामती सेवाका कर्मचारीको भन्दा कम नहुनेगरी तलब सुविधा तथा ग्रेड तोक्ने
- विद्यालय शिक्षा ऐन जारी हुन अघि स्थायी भएका सबै शिक्षकका लागि पुरानो प्रणाली अनुसार निवृत्तीभरण पाउने ब्यवस्था गर्ने र त्यसपछि स्थायी हुनेको हकमा योगदानमा आधारित पेन्सनको व्यवस्था गर्ने
- विश्व विद्यालयमा जस्तै निवृत्तीभरण प्रयोजनका लागि शिक्षकको सबै अस्थायी अवधि गणना गर्ने।

**द्वन्द्व पीडित शिक्षकको सम्बन्धमा**

- द्वन्द्व पीडित शिक्षकको सेवा टुटेको अबधि गणना गरी नियमानुसार उपदान वा निवृत्तीभरण दिने व्यवस्था गर्ने ।

**सस्थागत विद्यालयका शिक्षकको सम्बन्धमा**

- सस्थागत विद्यालयका शिक्षकको तलव भत्ता सामुदायिक विद्यालयका शिक्षक सरह कायम गर्ने अनिवार्य व्यवस्था गर्ने ।
- यस्ता शिक्षकको जिल्ला स्थित शिक्षा सम्बन्धी कार्यलयमा रेकर्ड राख्ने र सबै शिक्षकका लागि सामाजिक सुरक्षा कोषको व्यवस्था गर्ने।

**प्रधानाध्यापकको व्यवस्था**

- प्रधानाध्यापकका सागि छुट्टै दरवन्दीको व्यवस्था गर्ने
- स्थायी शिक्षकवाट प्रतिस्पर्धा गराई शिक्षक सेवा आयोग मार्फत प्रधानाध्यापकको पदपूर्ति गर्ने।
- प्रधानाध्यापकलाई प्रशानिक तथा प्राज्ञिक नेतृत्व गर्ने बलियो र जिम्मेवार पदाधिकारीको रुपमा विकास गर्ने।

**शिक्षण काउन्सिलको हकमा**

- शिक्षकको तालिम तथा पेसागत विकासका क्षेत्रमा काम गर्ने गरी अधिकार सम्पन्न शिक्षक काउन्सिलको व्यवस्था गर्ने ।

**विविध**

- शिक्षकको विभागीय कार्बाहीको अधिकार जिल्ला, प्रदेश र सङ्घका विभाजन गरी व्यवस्थापन गर्ने।
- शिक्षकको कार्य सम्पादन मूल्याङ्कनको अधिकार शिक्षा सम्बन्धी जिल्लास्थित कार्यालय तथा प्रादेशिक कार्यालयमा व्यवस्थित गर्ने ।
- पालिका भित्र सरुवाका लागि शर्त तथा मापदण्डहरु निर्माण गर्ने र अन्तर जिल्ला सरुवाको अधिकार जिल्ला कार्यालयलाई दिने ।
- सेवा प्रवेश उमेर ४० वर्ष गर्ने ।
- अभिभावकको नेतृत्वमा अभिभावककै बाहुल्य हुने गरी विद्यालय व्यवस्थापन समिति गठन गर्ने।
- सङ्घ र प्रदेश तहसँग सम्बन्धित रहेर काम गर्ने गरी जिल्ला तहमा शिक्षाको एकाइ राख्ने । उक्त एकाइबाट एसइइ, एसएसली परीक्षाको संयोजन र व्यव्स्थापन, शिक्षक सेवा आयोगबाट

सञ्चालन हुने परीक्षको संयोजन तथा व्यवस्थापन, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन, शिक्षक कर्मचारीको जिल्लान्तर सरुवा, पालिकाहरु बीच शैक्षिक विषयमा समन्वय गर्ने, शिक्षण काउन्सिल मार्फत गरिने कामको संयोजन र व्यवस्थापन, शिक्षक किताबखाना सम्बन्धी कागजातको प्रमाणीकरण जस्ता काम जिम्मा दिने ।

- सोझै प्राथमिक द्वितीय र नि मा वि द्वितीयमा नियुक्त भएका र त्यसपछि बढुवा भएका सबै शिक्षकको समान तहमा पद समायोजन गर्ने ।
- विद्यालयको सम्पत्ति गैरशैक्षिक प्रयोजनमा प्रयोग गर्न नपाइने । यस्तो सम्पत्ति हस्तान्तरणको अधिकार सङ्घमा मात्र रहने ।
- शिक्षण पेसा प्राविधिक पेसा भएकोले सबै शिक्षकका लागि थप प्राविधि ग्रेडको व्यवस्था गर्ने ।
- शिक्षकका लागि राष्ट्रिय मर्यादाक्रमको व्यवस्था गर्ने ।
- हरेक विद्यालयमा शिक्षक दरबन्दी व्यवस्था गर्दा आधारभूत (१- ५) मा प्रधानाध्यापक बाहेक कक्षागत, आधारभूत तह (६-८) मा प्रधानाध्यापक वाहेक विषयगत र मावि तहमा प्रधानाध्यापक वाहेक विषयगत शिक्षकको व्यवस्था गर्ने ।
- विद्यालयका शिक्षक कर्मचारीको पेसागत हक हितको प्राप्ति र संरक्षणका लागि नेपाल शिक्षक महासङ्घ रहने।

**बाल विकास शिक्षक सम्बन्धी सुझाव**

- बालविकास शिक्षालाई विद्यालय संरचनाभित्र समावेश गरी बालविकासदेखि कक्षा ५ सम्म प्राथमिक शिक्षा हुनुपर्ने।
- बालबिकास शिक्षा २ तहको हुनुपर्ने (३-४ play group) र ४-५ बर्ष उमेर पूर्व प्राथमिक शिक्षा)
- बालबिकास शिक्षाको दरवन्दी कायम गरी प्रा.वि. शिक्षक सरहको सेवा सुविधा निर्धारण गर्नुपर्ने र यसको आर्थिक दायित्व पुर्ण रुपमा संघिय सरकारले गर्नुपर्ने।
- बालबिकास शिक्षकलाई प्रा.वि शिक्षक भनी नामाकरण गरिनुपर्ने
- नियुक्तिदेखिको सेवा अवधि गणना गरी उपदानको व्यवस्था गरी विदाई गर्नुपर्ने

- बालविकास शिक्षकालाई राज्यले ६०% र स्वय शिक्षकले ४०% आर्थिक दायित्व रहने गरी सामाजिक सुरक्षाकोषको व्यवस्था गर्नुपर्दछ
- वालविकास शिक्षादेखि विद्यार्थी छात्रवृतिको व्यवस्था गर्नुपर्दछ
- वालविकासको भवन निर्माण गर्दा राष्ट्रिय मापदण्ड अनुसारको वनाउनु पर्दछ
- एक बालविकास केन्द्र एक सुसारेको व्यवस्था गर्नुपर्दछ ।

## ३.३ सुझावको सार

**शिक्षाको मौलिक हक र प्रत्याभूति**

- सबै नागरिकलाई निःशुल्क, गुणस्तरीय, र सर्वसुलभ आधारभूत तथा माध्यमिक शिक्षा सुनिश्चित गर्ने व्यवस्था
- संविधान प्रदत्त शिक्षाको हक कार्यान्वयनका लागि कानूनी संरचना निर्माण
- आधारभूत तहसम्म निःशुल्क र अनिवार्य शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा

**विद्यालय संरचना, स्तर निर्धारण, र व्यवस्थापन**

**विद्यालय तहको संरचना**

- पूर्व-प्राथमिक, आधारभूत, र माध्यमिक तहको स्पष्ट वर्गीकरण
- गुणस्तर मापनका आधारहरू तथा मान्यताकरण (मानक निर्धारण)
- विद्यालय संरचना पुनर्संरचना एवं व्यवस्थापन सुधार

**विद्यालय व्यवस्थापन सुधार**

- विद्यालय व्यवस्थापन समिति गठनमा विशेष ध्यान
- अभिभावक संघ गठन
- अपांगमैत्री तथा विशेष विद्यालयको संरचना निर्माण र सञ्चालन

**शिक्षक नियुक्ति, प्रवर्द्धन, र सेवा सुविधा**

- शिक्षकहरूको नियुक्ति, प्रवर्द्धन, तथा पेशागत विकास नीति।

- सेवाशर्त, तलब-सुविधा, क्षमता अभिवृद्धि, मूल्याङ्कन र जिम्मेवारी
- निजामती सेवाजस्तै तलब सुविधा, पेन्सन तथा सामाजिक सुरक्षा योजना
- शिक्षक सेवा आयोगबाट स्थायी पदपूर्ति

**अस्थायी शिक्षक व्यवस्थापन**

- अस्थायी शिक्षकलाई स्थायी गर्ने प्रक्रिया
- गोल्डेन हेन्डसेक योजना तथा शिक्षक दरबन्दी पुनर्वितरण

**शिक्षक पदोन्नति (बढुवा) व्यवस्था**

- चार श्रेणी (तृतीय, द्वितीय, प्रथम, विशिष्ट) को व्यवस्था
- १० वर्षे सेवा अवधिमा पदोन्नति, तहगत रूपमा बढुवा

**विद्यालय प्रधानाध्यापक व्यवस्थापन**

- छुट्टै दरबन्दीको व्यवस्था
- शिक्षक सेवा आयोगमार्फत प्रतिस्पर्धाबाट नियुक्ति
- प्रशासनिक तथा शैक्षिक नेतृत्वको जिम्मेवारी दिने

**शिक्षा प्रणालीको विकेन्द्रीकरण र तीनै तहको भूमिका**

**संघ सरकारको अधिकार**

- केन्द्रीय विश्वविद्यालय, पाठ्यक्रम, पाठ्यपुस्तक, र राष्ट्रिय योग्यता प्रणाली
- गुणस्तर प्रमाणपत्र (Quality Assurance and Accreditation)
- शिक्षा नीति, ऐन तथा नियमावली निर्माण
- डिजिटल शिक्षण सामग्री विकास

**प्रदेश सरकारको अधिकार**

- क्षेत्रीय विश्वविद्यालय, सामुदायिक क्याम्पस र प्रादेशिक शिक्षा नीति निर्मा
- कक्षा १० को परीक्षा सञ्चालन

- अन्तरपालिका शिक्षक सरुवा, शिक्षक तालिम, विद्यालय निरीक्षण र अनुगमन

**स्थानीय सरकारको अधिकार**

- आधारभूत र माध्यमिक विद्यालय व्यवस्थापन
- शिक्षक नियुक्ति, स्थानान्तरण, मूल्यांक
- स्थानीय पाठ्यक्रम विकास, विद्यालय दरबन्दी मिलान

**शिक्षा पाठ्यक्रम, माध्यम, र विविधीकरण**

- राष्ट्रिय आवश्यकतानुसार तथा स्थानीय सन्दर्भअनुसार पाठ्यक्रम विका
- प्रविधिमैत्री शिक्षा, व्यावसायिक तथा प्राविधिक शिक्षा प्रवर्द्धन

**शिक्षामा प्रविधि र नवाचारको समावेश**

- डिजिटल शिक्षा, स्मार्ट क्लासरू र दूरशिक्षा प्रणालीको विकास
- कृत्रिम बुद्धिमत्ता (AI) तथा आधुनिक प्रविधिको प्रयोग

**विद्यार्थी हक, अनुशासन, र संरक्षण**

- विद्यार्थी अधिकार र सुरक्षाका लागि स्पष्ट प्रावधान
- हिंसा, दण्ड, तथा भेदभावमुक्त विद्यालय वातावरण सुनिश्चित गर्ने नीति

**शिक्षामा समावेशिता र पहुँच**

- अपांगता भएका विद्यार्थी, विपन्न तथा पिछडिएको वर्गका लागि विशेष सुविध
- जातीय, भाषिक, लैङ्गिक, तथा भौगोलिक आधारमा समावेशी नीति

**निजी विद्यालय र सार्वजनिक विद्यालयबीचको समन्वय**

- निजी तथा सामुदायिक विद्यालयहरूको समानुपातिक विकास सुनिश्चित गर्ने नीति
- निजी विद्यालयहरूको नियमन तथा सामाजिक उत्तरदायित्व

**शिक्षा सुधार, अनुसन्धान, र अनुगमन प्रणाली**

- गुणस्तर अनुगमनका लागि स्वतन्त्र निकाय वा मापदण्ड

- शिक्षामा नवाचार र अनुसन्धान प्रवर्द्धनका लागि नीति

**शिक्षा सुधारका लागि कानुनी प्रस्ताव**

- ऐनको नाम शिक्षाको मापदण्ड सम्बन्धी सङ्घीय ऐन, २०८०
- शिक्षक केन्द्रित कानुन निर्माण तथा समायोजन प्रणालीको परिकल्पना
- विद्यालय व्यवस्थापन सुधारका लागि कानुनी ढाँचा

**संस्थागत विद्यालय सुधार**

- संस्थागत विद्यालयका शिक्षकको तलब तथा सुविधा सामुदायिक विद्यालय सरह बनाउनुपर्ने
- सबै शिक्षकका लागि सामाजिक सुरक्षा कोषको व्यवस्था

**शिक्षण परिषद (Teaching Council) को स्थापना**

- शिक्षक तालिम तथा पेसागत विकासमा विशेष ध्यान
- शिक्षा प्रणालीलाई सुधार गर्न प्रभावकारी निकायको गठन

**विविध सुधारका उपायहरू**

- शिक्षक कारबाही प्रक्रियामा सुधार
- विद्यालय भौतिक पूर्वाधार सुधार
- सिकाइ उपलब्धि मूल्यांकन प्रणालीको विकास
- शिक्षकलाई राजनीतिबाट अलग
- परिणाममा आधारित दण्ड तथा पुरस्कार प्रणाली ।

## ३.४ विद्यालयको स्थलगत अवलोकन

प्रत्येक प्रदेशमा प्रदेशस्तरीय कार्यक्रमको सिलसिलामा प्रदेश तहबाट सिफारिस भएको कम्तीमा राम्रो एउटा र औषतको अर्को एउटा विद्यालयको स्थलगत अवलोकन गर्ने निति अनुरुप समितिको स्थलगत अनुगमन टोलीले कर्णाली प्रदेशका विभिन्न विद्यालयहरुमध्ये सुर्खेत जिल्लाको जन नमूना माध्यामिक विद्यालय र रेडक्रस माध्यामिक विद्यालयको स्थलगत अवलोकन गरी अन्तर्क्रिया गरेको

थियो । अन्तर्क्रियामा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक तथा शिक्षक र विद्यार्थीहरुको सहभागिता रहेको थियो । अन्तर्क्रिया तथा छलफलबाट विद्यालयको समग्र विद्यमान अवस्था, विद्यालयले भोग्नु परेका समस्या तथा सामाना गर्नुपरेका चुनौती लगायतका विविध पक्षबारे जानकारी प्राप्त भएको थियो। टोलीले गरेको विद्यालयको स्थलगत अवलोकन सम्बन्धी केही झलकहरु अनुसूची ५ मा समावेश गरिएका छन् ।

# परिच्छेद चार

# निष्कर्ष तथा सुझाव

## ४.१ निष्कर्ष

विद्यालय शिक्षासम्बन्धी प्रस्तावित विधेयकले शिक्षाको समावेशी, पहुँचयोग्य र गुणस्तरीय संरचना निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ। सुझाव र धारणाहरूले विधेयकलाई नीतिगत स्पष्टता, शिक्षण प्रक्रियामा नवीनता, शिक्षक व्यवस्थापनमा सुधार र प्रदेश तथा स्थानीय तहसँगको समन्वयात्मक भूमिका निर्धारण गर्न मद्दत पुर्‍याउने देखिन्छ। विधेयकले प्राविधिक र सीपमूलक शिक्षा, विद्यालय जोनिङ्ग, र सामुदायिक तथा निजी विद्यालयबीच सहकार्यलाई प्रोत्साहन गर्ने माध्यम प्रस्तुत गरेको छ। तर यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कार्ययोजना, स्रोत व्यवस्थापन, र निरीक्षण प्रणाली थप मजबुत बनाउनुपर्ने आवश्यकता छ। विधेयक माथि पेश भएका सुझावहरुले विद्यालय शिक्षा माथिको दफावार छलफललाई प्रभावकारी बनाउने दिशामा टेवा पुर्‍याउने देखिन्छ।

नेपालको विद्यालय शिक्षाको सुधारका लागि नीति, योजना, र तिनको प्रभावकारी कार्यान्वयन एकसाथ अघि बढाउन जरुरी छ। अहिलेको चुनौतीलाई अवसरमा बदल्दै गुणस्तरीय र पहुँचयुक्त शिक्षाको लक्ष्य प्राप्त गर्न सरकार, गैरसरकारी संस्था, र आम नागरिकबीचको समन्वय आवश्यक छ। केवल यसबाट मात्र नेपालले शिक्षाको क्षेत्रमा दिगो विकासको यात्रा तय गर्न सक्नेछ। विद्यालय शिक्षामा समान पहुँच, गुणस्तर र प्राविधिक क्षमताको अभिवृद्धि भएमा, नेपाली समाजले सामाजिक र आर्थिक उन्नतिको नयाँ युगमा पाइला राख्न सक्ने देखिन्छ। यस प्रदेशमा गरिएको अन्तर्क्रिया कार्यक्रम र स्थलगत अवलोकनका आधारमा बुँदागत रुपमा निम्नानुसारको निष्कर्ष निकाल्न सकिन्छः

- **शिक्षक व्यवस्थापनमा सुधारको आवश्यकता**ः शिक्षकहरूको बढुवा, नियुक्ति, तथा सरुवासम्बन्धी प्रावधानहरूलाई स्पष्ट, पारदर्शी र व्यवस्थित गर्नुपर्छ। अस्थायी शिक्षकहरूलाई उचित व्यवस्थापन गरी गोल्डेन ह्यान्डशेक दिनु व्यवहारिक समाधान हुन सक्छ।
- **विद्यालय व्यवस्थापन र पूर्वाधार**ः विद्यालयको भौतिक पूर्वाधार सुदृढ गर्नु, अनावश्यक विद्यालयहरू मर्ज गर्नु, र विद्यालय व्यवस्थापन समितिको भूमिका अभिभावक तथा समुदायको सहयोगमार्फत सशक्त पार्नु आवश्यक छ।
- **शिक्षामा गुणस्तर सुधार**ः शिक्षाका विषयवस्तुमा सुधार गर्दै, आधुनिक, व्यवहारिक, र जीवनोपयोगी ज्ञान तथा सीप प्रदान गर्न आवश्यक छ। प्रयोगात्मक शिक्षालाई प्रोत्साहन गर्ने व्यवस्था,

सैद्धान्तिकभन्दा व्यवहारिक शिक्षामा जोड, र अंग्रेजीमा भन्ने प्रावधानलाई सुधार गरी नेपाली वा अग्रेजी दुवै भाषाका अतिरिक्त प्रदेश तथा स्थानीय भाषामा पठनपाठनको व्यवस्था मिलाइनु पर्छ ।

- **शिक्षा प्रणालीको एकरूपता**ः समान शिक्षा नीति बनाउनु आवश्यक छ । प्रदेश, स्थानीय तह, र संघीय सरकारबीच स्पष्ट कार्य विभाजन गर्न आवश्यक छ।
- **शिक्षकका सेवा सुविधामा सुधार**ः शिक्षकहरूको सेवा सुविधा निजामती सेवासरह बनाउनुपर्ने, अवकाशपछि सामाजिक सुरक्षा सुनिश्चित गर्नुपर्ने र महिला शिक्षकहरूको सुत्केरी विदा तथा विरामी भई लामो विदा लिने शिक्षकलाई ध्यानमा राखेर विकल्पीय शिक्षक व्यवस्था गर्नुपर्छ।
- **समुदायको भूमिका**ः अभिभावक र समुदायको संलग्नता शिक्षा प्रणालीलाई प्रभावकारी बनाउन ध्यान दिनुपर्छ। सामुदायिक विद्यालयको सुधार अभिभावकको सक्रिय भूमिका र सहयोगबाट मात्र सम्भव छ।
- **विद्यालय पाठ्यक्रम सुधार**ः पाठ्यक्रमलाई अद्यावधिक, समसामयिक, र प्रविधिमैत्री बनाउनु पर्छ। विद्यार्थीलाई आठ कक्षादेखि नै रुचि र विषय छनौट गर्नसक्ने प्रणालीको विकास गर्नु शिक्षाको गुणस्तर सुधारका लागि राम्रो पहल हुन सक्छ।
- **विद्यालयको वित्तीय पारदर्शिता र व्यावसायिकता**ः निजी विद्यालयहरूको व्यवस्थापन र शुल्क संरचना पारदर्शी बनाउँदै, छात्रवृत्ति व्यवस्थापनमा सुधार गर्नुपर्छ। साथै, सरकारी विद्यालयहरूको अनुदान व्यवस्थालाई समग्रमा एकीकृत गरी प्रदेशस्तरीय बनाउनु उचित हुन्छ।
- **सीपमूलक शिक्षा र रोजगारी सिर्जना**ः विद्यार्थीले १२ कक्षासम्मको पढाइ सकेपछि कुनै न कुनै पेशा वा सीप सिक्ने व्यवस्थामा जोड दिनुपर्छ। शिक्षाले रोजगारी सिर्जना गर्ने प्रकृतिको शिक्षाको निति लिनुपर्छ।
- **अनुगमन र जवाफदेहिता**ः शिक्षक, प्रधानाध्यापक, र विद्यालय व्यवस्थापन समितिको जवाफदेहिता सुनिश्चित गर्दै अनुगमनलाई प्रभावकारी बनाउने नीति तथा कार्यक्रमहरू ल्याउनुपर्ने देखिन्छ।

## ४.२ सुझाव

नेपालको विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन विद्यालय शिक्षा विधेयकमा निम्नानुसार ध्यान दिनुपर्ने देखिन्छः

- **नीति तथा व्यवस्थापकीय सुधारः** शिक्षक नियुक्ति, सरुवा, र बढुवामा स्पष्ट मापदण्ड र प्रक्रियाको विकास, गोल्डेन ह्यान्डशेकमार्फत अस्थायी शिक्षकहरूको व्यवस्थापन र पालिका र प्रदेशलाई शिक्षक व्यवस्थापन र अनुगमनको अधिकार दिने

- **शिक्षाका लागि समुदायको भूमिका सुदृढ पार्नेः** अभिभावक र समुदायका प्रतिनिधिहरूलाई विद्यालय व्यवस्थापन समितिमा संलग्न गराउने, सामुदायिक विद्यालयहरूको लागि विशेष योजना बनाउँदै समुदायलाई प्रेरित गर्ने।

- **शिक्षाका गुणस्तर सुधारका उपायः** पाठ्यक्रम सुधार, स्थानीय भाषा, तथा प्रविधिमैत्री शिक्षालाई प्राथमिकता, सैद्धान्तिक शिक्षाभन्दा व्यवहारिक र सीपमूलक शिक्षालाई प्रोत्साहन, शिक्षकका लागि तालिमको व्यवस्था गर्ने

- **वित्तीय व्यवस्थापन र स्रोतको वितरणः** विद्यालयलाई दिइने अनुदानको वितरण प्रणालीलाई सरल र पारदर्शी बनाउने, निजी विद्यालयहरूको लागि मापदण्ड र नियमन सशक्त बनाउने।

- **शिक्षामा एकरूपता र सहकार्यः** संघ, प्रदेश, र स्थानीय तहबीचको जिम्मेवारीको स्पष्टता र सहकार्य, विद्यालय शिक्षा सम्बन्धी राष्ट्रिय मापदण्डहरूको रुपमा यस विधेयकलाई विकास गर्ने

- **विद्यालयको संरचना र पूर्वाधार विकासः** सबै विद्यालयमा आधारभूत भौतिक पूर्वाधार सुनिश्चित गर्ने र अनावश्यक विद्यालयहरूको मर्जर र व्यवस्थापन गर्ने

- **विद्यार्थीका लागि विशेष कार्यक्रमहरूः** १२ कक्षासम्म अध्ययन गरेपछि सीपमूलक तालिम वा रोजगार सुनिश्चित गर्ने कार्यक्रम, विद्यार्थीहरूलाई छात्रवृत्ति तथा अतिरिक्त क्रियाकलापहरूमा संलग्न गराउने।

- **अनुगमन र जवाफदेहितामा ध्यानः** विद्यालयहरूको नियमित अनुगमन गर्ने प्रभावकारी संरचनाको निर्माण र शिक्षकहरूको मूल्याङ्कन नतिजाका आधारमा गर्ने प्रणाली लागू गर्ने ।

## अनुसूची १
## कार्यक्रमको मोडालिटी

- सात प्रदेशमा हुने ७ वटा कार्यक्रमको लागि ५ वटा मात्र टोली निर्माण हुने
- कोशी र मधेश प्रदेशका लागि एउटा तथा कर्णाली र लुम्बिनी प्रदेशका लागि एउटा टोली निर्माण हुने
- प्रत्येक सदस्यले आफ्नो दलबाट समितिमा प्रतिनिधित्व गर्नुहुने सदस्यहरुबीच समन्वय गरी सदस्यले रोजेको कुनै एक प्रदेशमा सहभागी हुनु पर्ने
- प्रत्येक टोलीमा ५ जना सदस्यका दरले टोली बनाइने
- एउटा दलबाट एउटा प्रदेशमा एक जना मात्र सहभागी हुने तर नेकपा एमाले र नेपाली काँग्रेसका ७।७ जना सदस्य भएकाले कुनै २ वटा प्रदेशमा २।२ जना सदस्य सहभागी हुने
- आफूले रोजेको प्रदेश बाहेक आफ्नो प्रदेशमा हुने कार्यक्रममा त्यस प्रदेशबाट प्रतिनिधित्व गर्नुहुने सदस्य स्वतः सहभागी हुन पाउने ।
  - ✓ तत्काललाई देहाय वमोजिमका ३ वटा प्रदेशस्तरीय कार्यक्रम गर्ने:
    - २०८१ पुस ९ गतेसम्म सुदूर पश्चिम प्रदेशम
    - २०८१ पुस १३ गते कोशी प्रदेश र
    - २०८१ पुस १५ गते मधेश प्रदेश

✓ पहिलो चरणको कार्यक्रमको फिडब्याक समेतका आधारमा त्यसपछि अन्य प्रदेशमा समेत कार्यक्रम गर्ने।

✓ प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रमको सिलसिलामा प्रत्येक प्रदेशमा एउटा राम्रो र एउटा औषत विद्यालयको स्थलगत अवलोकन गरी जानकारी लिने ।

## अनुसूची २
## कार्यक्रमका सहभागी सरोकारवाला

प्रदेश सभाका प्रमुख सचेतकहरु

प्रदेश सभा अन्तर्गतको सामाजिक विकास समितिका सदस्यहरु

सामाजिक विकास मन्त्रालयका मन्त्री/राज्यमन्त्री, सचिव र शिक्षा हेर्ने महाशाखा प्रमुख

गाउँपालिका महासंघ मार्फत कर्णाली प्रदेशभित्रका गाउँपालिकाहरु मध्येबाट समावेशिताका आधारमा अध्यक्ष र उपाध्यक्षहरुबाट ४ जना

नगरपालिका महासंघ मार्फत कर्णाली प्रदेशभित्र नगरपालिकाहरु मध्येबाट समावेशिताका आधारमा अध्यक्ष र उपाध्यक्षहरुबाट ४ जना

जिल्ला समन्वय समिति महासंघ मार्फत कर्णाली प्रदेशभित्र जिल्ला समन्वय समितिहरु मध्येबाट समावेशिताका आधारमा अध्यक्ष र उपाध्यक्षहरुबाट ४ जना

कार्यक्रम हुने पालिकाको प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत र शिक्षा हेर्ने महाशाखा प्रमुख

प्रदेशको उत्कष्ट/कमजोर विद्यालयका प्रधानाध्यापक/विद्यालय व्यवस्थापन समितिका अध्यक्ष

शिक्षक महासंघको प्रदेशस्तरीय कमिटीका प्रमुख/उपप्रमुख

कार्यक्रम हुने जिल्लाको शिक्षा विकास तथा समन्वय एकाई प्रमुख

प्रदेश शिक्षा निर्देशनालयको निर्देशक

संस्थागत विद्यालयहरु मध्येबाट कुनै २ विद्यालयका प्रतिनिधि

# अनुसूची-३
## कार्यक्रम तालिका

संघीय संसद
राष्ट्रिय सभा
शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

### विद्यालय शिक्षा विधेयकका सम्बन्धमा प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम

२०८१ पुस २९ गते
सिद्धार्थ होटल, वीरेन्द्रनगर, सुर्खेत

| कार्यक्रम | समय |
|---|---|
| रजिष्ट्रेशन तथा ब्रेकफास्ट | विहान ८:०० |
| हल प्रवेश/कार्यक्रम प्रारम्भ | ८:५५ |
| आसन ग्रहण<br>• माननीय सभापति अम्मर बहादुर थापा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति<br>• संघीय संसदका माननीय सदस्यहरु<br>• माननीय सामाजिक विकास मन्त्री घनश्याम भण्डारी<br>• प्रदेश सभाका प्रमुख सचेतकहरु<br>• कर्णाली प्रदेश सभाको सामाजिक विकास समितिका माननीय सदस्यहरु<br>• जिल्ला समन्वय समिति महासंघ, नगरपालिका संघ तथा गाउँपालिका महासंघबाट यस प्रदेशमा प्रतिनिधित्व गर्नु हुने प्रमुख/उपप्रमुखहरु<br>• प्रदेश सभा सचिव<br>• वीरेन्द्र नगरपालिकाका प्रमुख/उपप्रमुख<br>• सामाजिक विकास मन्त्रालयका सचिव<br>• सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघका प्रदेशस्तरीय कमिटीका प्रतिनिधि तथा सामुदायिक विद्यालयका प्रधानाध्यापक<br>• वीरेन्द्रनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत<br>• शिक्षक महासंघको प्रदेशस्तरीय कमिटीका प्रमुख / उपप्रमुख<br>• सुर्खेत जिल्लाका शिक्षा विकास तथा समन्वय इकाई प्रमुख<br>• सामाजिक विकास मन्त्रालय र वीरेन्द्रनगर नगरपालिकाका शिक्षा हेर्ने महाशाखा प्रमुख<br>• नेपाल पत्रकार महासंघका प्रदेश प्रमुख तथा अन्य उपस्थित सम्पूर्ण महानुभावहरु | ९:०० |
| विद्यालय शिक्षा विधेयकका सम्बन्धमा जानकारी-समिति सचिव श्री दशरथ धमला | ९:०५-९:१५ |
| विधेयकको सम्बन्धमा समितिको अपेक्षा<br>• माननीय सभापति अम्मर बहादुर थापा | ९:१५-९:३० |
| विद्यालय शिक्षा विधेयकका सम्बन्धमा सहभागीबाट सुझाव<br>(बीचमा चिया ब्रेक-१० मिनेट) | ९:३०- ११:३० |
| धन्यवाद सहित कार्यक्रमको समापन<br>• माननीय सभापति अम्मर बहादुर थापा | ११:५० -१२:०० |
| दिवा खाना | १२:०० |

## अनुसूची- ४
## अन्तर्क्रिया कार्यक्रमका केही झलक






विद्यालय शिक्षा विधेयक, २०८० सम्बन्धी
प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम
२०८१ पुस २९
वीरेन्द्रनगर, सुर्खेत
आयोजक
शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति
SIDDHARTHA


विद्यालय शिक्षा विधेयक, २०८० सम्बन्धी
प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम
२०८१ पुस २९
वीरेन्द्रनगर, सुर्खेत
आयोजक
संघीय संसद
प्रतिनिधि सभा
शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति
SIDDHARTHA
Hospitality From The Heart





# अनुसूची ६

## विद्यालयको स्थलगत अवलोकन सम्बन्धी केही झलक





















...............................
अम्मर बहादुर थापा
**माननीय सभापति**

| | |
|---|---|
| ............................... | ............................ |
| डिग बहादुर लिम्बु | दिपा शर्मा |
| **माननीय सदस्य** | **माननीय सदस्य** |
| ............................... | ............................ |
| रेखा शर्मा | सरिता भुषाल |
| **माननीय सदस्य** | **माननीय सदस्य** |

.............................
दशरथ धमला
**समिति सचिव**